# गहुँ खरिद सम्बन्धी खाद्य व्यवस्था तथा व्यापार कम्पनी लि. प्रादेशिक कार्यालय, विराटनगरको सूचना

प्रकाशित मिति : २०७९।१२।०१

साविक नेपाल खाद्य संस्थान हाल खाद्य व्यवस्था तथा व्यापार कम्पनी लि. प्रादेशिक कार्यालय विराटनगरले यही २०७९ चैत ६ गते सोमबारका दिनदेखि गहुँ प्रति क्वीन्टल रु ३३५१।-(तीन हजार तीन सय एकाउन्न रुपैयाँ मात्र)मा कम्पनीको प्रादेशिक कार्यालय, विराटनगर-१३ को कोशी प्रोजेक्ट नजिकको गोदाममा खरिद कार्य सञ्चालन गर्ने व्यहोरा सम्पूर्ण किसान वर्गमा जानकारी गराइन्छ ।

**पुनश्च** :

- गहुँ तौलाई, चौकाई सम्बन्धी सम्पूर्ण खर्च कम्पनीले नै व्यहोर्ने छ ।
- गहुँ घुन कीरा नलागेको तथा अन्य बाह्य पदार्थ नमिसिएको हुनु पर्ने छ ।
- गहुँ खरिद कार्य सार्वजनिक बिदाको दिन बाहेक हरेक दिन विहान १० बजेदेखि साँझ ५ बजेसम्म सुचारु रहने छ ।
- गहुँ खरिदबिक्री गर्ने किसानले अनिवार्य रुपमा नागरिकताको प्रतिलिपि ल्याउनु पर्ने छ।
- गहुँ बिक्री गर्ने किसानले सम्बन्धित स्थानीय तहको कृषि शाखाबाट जारी गरिएको कृषक प्रमाणीकरणको सिफारिस अनिवार्य ल्याउनुपर्ने छ ।

**खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड**

प्रादेशिक कार्यालय, विराटनगर, मोरङ

फोन नं ०२३-४७०२३३

महेन्द्र सिटौला (नि.प्रादेशिक प्रमुख)